## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०६/२३ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसलाका आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | उमद मियाँ अन्सारी, साजुल मियाँ अन्सारी , रवैया अन्सारी, मकबुल मियाँ अन्सारी, संगिता घिमिरे, पिटर थारु र राजाराम प्रसाद साह | सरकारी सार्वजनिक सम्पत्तिको हिनामिना, हानी नोक्सानी गरी भ्रष्टाचार गरेको।<br><br>मुद्दा नं. ०८२-CR-००८०<br><br>फैसला मितिः २०८३।०१।०७ | प्रतिवादी मकबुल मिया अंसारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.४,७६,०००/- कायम गरी सोही दफा १७ ले निर्देश गरे बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम उल्लिखित बिगो निज प्रतिबादी मकबुल मिया अंसारीबाट असुल उपर गरि पाउन मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ ।<br>प्रतिवादी संगिता घिमिरेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा गरेको हुँदा सोही दफा १७ ले निर्देश गरे बमोजिम साजुला मिया अंसारीले उमेर नपुग्दै खाएको ज्येष्ठ नागरिक भत्ता रकम रु.१,४०,०००/- बिगो कायम गरी ऐ.ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) | **क.** प्रतिवादीहरु उमद मियाँ अन्सारी, साजुल मियाँ अन्सारी र रवैया अन्सारी सामाजिक सुरक्षा भत्ता ऐन, २०७५ को दफा ४ को उपदफा (१) बमोजिम तोकिएको उमेर ७० बर्ष पूरा गरेको देखिँदा निज जेष्ठ नागरिकहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको कार्य कानून सम्मत नै देखिएको,<br>**ख.** सामाजिक सुरक्षा भत्ता दिलाउने कार्यमा संलग्न रहेका भनिएका प्रतिवादीहरु वडाध्यक्ष मकबुल मियाँ अन्सारी र वडा सचिवहरु संगिता घिमिरे, पिटर थारु र राजाराम प्रसाद साह तथा सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका लाभग्राही रहेका प्रतिबादीहरु उमद मियाँ अन्सारी, साजुल मियाँ अन्सारी र रवैया अन्सारीको कार्यलाई कानून प्रतिकूलको कार्य भन्न मिल्ने नदेखिएको | क) जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. ६ मा बस्ने उमन मियाँ अंसारी, संजुला मिया अंसारी, कल्लामुदिन मिया अंसारी, दिलजान मिया अंसारी, रवेया अंसारी, कमुरुदिन अंसारी समेतले वडा अध्यक्ष मकबुल मिया अंसारीको मिलेमतोमा उमेर बढाएर ज्येष्ठ नागरिक भत्ता बुझि सरकारी सार्वजनिक सम्पति हानी नोक्सानी गरेको भन्ने समेत ब्यहोराको उजुरीवाट अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा जिल्ला बारा पचरौता नगरपालिका वडा नं. ६ निवासी **साजुला मिया अंसारी, रबेया अंसारीन र उमत मिया अंसारीले** वडाध्यक्ष **मकबुल मिया अंसारी, राजाराम प्रसाद साह, पिटर थारु र संगिता सुवेदी** सँगको मिलेमतोमा उमेर ढाँटी ज्येष्ठ नागरिक भत्ता लिने, त्यसैगरी समाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको सूची तयार गर्ने, सिफारिस गर्ने, अनुमोदन गर्ने लगायत प्रकृयाको सम्बन्धमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२, सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ५ र ६ एवं सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३ अनुसार लागभ्राहीले पेश गरेको निवेदन रितपूर्वक भए/नभएको वडा कार्यालय/वडा सचिवले जाँच गरी निवेदन दर्ता गर्ने, वडा समितिले प्राप्त निवेदन मनासिव भए/ नभएको छानविन गरी मनासिव देखिएमा लाभग्राही कायम गर्ने सिफारिस सहित स्थानीय तहमा पठाउने स्पष्ट कानूनी व्यवस्था रहेकोमा पचरौता नगरपालिका वडा नं ६ मा कार्यरत तत्कालीन समयका वडा सचिवहरु राजाराम प्रसाद साह, पिटर थारु र संगिता सुवेदी लगायतका कर्मचारीहरुले रुजु गर्दा केरमेट भएको तथा नक्कली नागरिकता प्रमाणपत्रकै आधारमा प्रतिवादीहरु बीच एक आपसको वदनियतपूर्ण मिलेमतोमा सिफारिस गर्न समेत सहयोग गरेको देखिएको, ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्न योग्य व्यक्ति हो होईन भनी वडा समितिले प्रारम्भिक छानविन गर्नुपर्नेमा सो समेत गरेको नदेखिएको, समाजिक सुरक्षा नियमावली, २०७६ को नियम ६ मा वडा अध्यक्षले भत्ता प्राप्त गर्नको लागि निवेदन दिने ब्यक्तिको आफै वा कुनै सदस्य वा कर्मचारीलाई खटाई आवश्यक जाँचबुझ गर्नुपर्नेछ भन्ने समेत व्यवस्था रहेकोमा सो समेत गरेको नदेखिएको, ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्ने ब्यक्तिको नाम दर्ता गर्न नगरपालिकामा सिफारिस गरेको हुँदा उमेर बढाई ज्येष्ठ नागरिक भत्ता खान उमत मिया अंसारी, रबेया अंसारीन र साजुला मिया अंसारीले वडा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा १ को देहाय (ग) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम उल्लिखित बिगो प्रतिबादी संगिता घिमिरेबाट असुल उपर गरि पाउन मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ ।<br>प्रतिवादी पिटर थारुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही दफा १७ ले निर्देश गरे बमोजिम रबेया अंसारीले उमेर नपुग्दै खाएको ज्येष्ठ नागरिक भत्ता रकम रु.८४,०००/- बिगो कायम गरी ऐ.ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा १ को देहाय (ग) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम उल्लिखित बिगो प्रतिबादी पिटर थारूबाट असुल उपर गरि पाउन मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ । | | अध्यक्ष मकबुल मिया अंसारी लगायत कर्मचारीहरुसँग मिलेमतो गरेको पुष्टी हुन आयो ।यसरी वडा अध्यक्षसँग मिलेमतो गरी उमेर बढाई उमत मिया अंसारीले रु.२,५२,०००/- (अक्षेरेपी दुई लाख बाउन्न हजार मात्र) साजुला मिया अंसारीले रु १,४०,०००/- (अक्षेरेपी एक लाख चालिस हजार मात्र) र रबेया अंसारीनले रु.८४,०००/- (अक्षेरेपी चौरासी हजार मात्र) ज्येष्ठ नागरिक भत्ता गैरकानूनी तवरले बढी खाए खुवाएको स्थापित भइ रहेको तथ्य एवं मिशिल संलग्न लिखित प्रमाणहरुको विवेचना नगरि प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरी विशेष अदालतवाट भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>ख) यि प्रतिवादीहरु साजुला मिया अंसारी, रबेया अंसारीन, उमत मिया अंसारी र कमरुद्धिन अंसारीले सामाजिक सुरक्षा भत्ता अन्तर्गत जेष्ठ नागरिकले पाउने भत्ताको लागी उमेर नपुग्दै वदनियतपूर्वक आफ्नो नागरिकताको वास्तविक जन्म मितिमा झुट्टा विवरण राखी छेडखानी गरी सोको फोटोकपी पेश गरी उक्त भत्ता प्राप्त गरि राज्यलाई हानी नोक्सानी पुर्‍याउने नियतले जानी जानी वडा कार्यालयमा निवेदन दिएको देखिन्छ। सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२, सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ५ र ६ एवं सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३ अनुसार लाभग्राहीले पेश गरेको निवेदन रितपूर्वक भए/नभएको वडा कार्यालयबाट जाँच बुझ गरि भुक्तानी गर्नु पर्नेमा सो अनुसार नगरी यि प्रतिवादीहरुसँग मिलेमतो गरी झुट्टा तथ्य विवरण जन्म मिति फारम तथा नागरिकता छेडखानी गरी पेश गरेको तथा रितपुर्वक नभएको कुराको थाहा जानकारी हुँदा हुँदै निवेदन दर्ता गरे गराएको तथ्य समेत पुष्टि भएको छ। सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ६ मा नियम ५ वमोजिम दर्ता हुन आएको निवेदन उपर वडा समितिले प्रारम्भिक छानविन गर्नुपर्नेछ भन्ने व्यवस्था भएता पनि वडा अध्यक्ष प्रतिवादी मकबुल मिया अंसारीले बदनियत चिताई उमेर नपुगेको व्यक्तिलाई ज्येष्ठ नागरिक भत्ता खुवाउन गैरकानूनी स्वार्थ पूरा गर्न जानी बुझी कुनै प्रकारको छानविन नगरी वडा समितिबाट निर्णय नगराई नगरपालिकामा ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्ने व्यक्तिको नाम दर्ता गर्न सिफारिस गरेको, भत्ता खाने कार्ड प्रमाणित गरेको साथै हरेक वर्ष नवीकरण गर्न नहुने कुरा समेत जानी बुझी वदनियतपूर्वक सिफारिस गरेको देखिन्छ। सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न वडामा दर्ता हुने निवेदन उपर रुजु गरी विभिन्न प्रमाण झिकाई हेरी भिडाई यकिन भएपछि मात्र दर्ता गर्ने कामको जिम्मेवार एवं कर्तब्य भएका |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिवादी राजाराम प्रसाद साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही दफा १७ ले निर्देश गरे बमोजिम उमत मिया अंसारीले उमेर नपुग्दै खाएको ज्येष्ठ नागरिक भत्ता रकम रु.२,५२,०००/- बिगो कायम गरी ऐ.ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा १ को देहाय (ग) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम उल्लिखित बिगो प्रतिबादी राजाराम प्रसाद साहबाट असुल उपर गरि पाउन मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ ।<br>प्रतिवादी साजुला मिया अंसारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा मतियार तर्फ सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याशं बमोजिम मुख्य कसूरदार संगिता घिमिरे सरह सजाय गरि पाउन समेतको मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ ।<br>प्रतिवादी रबेया अंसारीनलाई | | वडा सचिवहरु, राजाराम प्रसाद साह, पिटर थारु र संगिता घिमिरे लगायतका राष्ट्रसेवक समेतले केरमेट भएको नागरिकता तथा नक्कल नागरिकताको आधारमानै गर्न नहुने काम जानी बुझी गैरकानूनी स्वार्थ सिद्ध गर्ने नियतले भत्ता प्राप्त गर्ने भनी रुजु गरेको, भत्ता प्राप्त गर्ने ब्यक्तिको नाम दर्ता गर्न सिफारिस गर्न सहयोग गरेको, विद्युतीय अभिलेखमा ईन्ट्री गरी अभिलेख राखेको देखिदा यि प्रतिवादीहरुले बदनियत पुर्वक आपसी मिलेमतोमा सामाजिक सुरक्षा भत्ता अन्तर्गत जेष्ठ नागरिक भत्ता रकमलाई गैर कानूनी रुपमा प्राप्त गरि हिनामिना हानी नोक्सानी गरेको तथ्य प्रमाणित भएको देखिदा देखिदै प्रतिवादिहरुको बदनियतपुर्ण कार्यलाई नजरअन्दाज गरि आरोप दावीवाट पुर्ण सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट प्रतिवादीहरू उमद मियाँ अन्सारी, साजुल मियाँ अन्सारी ,रवैया अन्सारी, मकबुल मियाँ अन्सारी, संगिता घिमिरे, पिटर थारु र राजाराम प्रसाद साहलाई आरोप मागदावी बमोजिम सजाय गर्नुपर्नेमा मिशिल संलग्न प्रमाणको विश्लेषण नगरि निज प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरी भएको फैसला त्रुटिपुर्ण देखिदा उक्त फैसला बदर गरि निज प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गरिन्छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा मतियार तर्फ सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याशं बमोजिम मुख्य कसूरदार पिटर थारू सरह सजाय गरि पाउन समेतको मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ ।<br>प्रतिवादी उमत मिया अंसारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा मतियार तर्फ सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याशं बमोजिम मुख्य कसूरदार राजाराम प्रसाद साह सरह सजाय गरि पाउन समेतको मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ ।<br>प्रतिवादीहरू उमद मियाँ अन्सारी, साजुल मियाँ अन्सारी ,रवैया अन्सारी, मकबुल मियाँ अन्सारी, संगिता घिमिरे, पिटर थारु र राजाराम प्रसाद साहले आरोपदाबीबाट सफाई पाउने ठहर गरी फैसला भएको देखिन्छ। | | |